# नेपाल राजपत्र


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, असोज २० गते २०५६ साल (अतिरिक्ताङ्क २६ (ख)

## भाग ३

### निर्वाचन आयोगको
### सूचना १

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४८ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी झापा जिल्लाको निर्वाचन क्षेत्र नं. ६, मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. १ र रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं. ४ मा सम्बत् २०५६ साल मंसीर २३ गते हुने प्रतिनिधिसभाको सदस्यको लागि मतपत्रमा छाप लगाई मतदान गर्ने प्रयोजनको लागि देहाय बमोजिमको मत संकेत चिन्ह तोकेको छ।

मत संकेत गर्ने स्वस्तीक चिन्ह :– 



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

निर्वाचन आयोगले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी झापा जिल्ला निर्वाचन क्षेत्र नं. ६, मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. १ र रौतहट जिल्ला निर्वाचन क्षेत्र नं. ४ मा सम्बत् २०५६ साल मंसीर २३ गते हुने उप-निर्वाचनको सन्दर्भमा सोही ऐन अन्तर्गत हुने कसूरको सम्बन्धमा जांचबुझ तथा अनुसन्धान गर्न सम्बन्धित उप-निर्वाचन हुने जिल्लामा सोही जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई जाँचबुझ र अनुसन्धान गर्ने अधिकारी तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

निर्वाचन आयोगले निर्वाचन (अपराध र सजायँ) ऐन, २०४७ को दफा २५ को उपदफा ( २ ) को प्रयोजनको लागि झापा जिल्ला निर्वाचन क्षेत्र नं. ६, मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. १ र रौतहट जिल्ला निर्वाचन क्षेत्र नं. ४ मा सम्बत् २०५६ साल मंसीर २३ गते हुने प्रतिनिधिसभाका सदस्यहरूको उप-निर्वाचनमा सम्बन्धित उप-निर्वाचन हुने जिल्लामा सोही जिल्लाका जिल्ला न्यायाधिवक्तालाई अधिकृत तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले
राममणि रिसाल
निर्वाचन आयोगको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।
9028